महोत्तरी जिल्ला अदालत जलेश्वर
फोटोकापी गर्ने सम्बन्धी ७ दिने सूचना
प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०६/०६

उपरोक्त विषयमा यस अदालतको बिभिन्न फाँटको मुद्दा का कागजातहरु तथा प्रशासनिक कागजातहरु फोटोकापी गर्नु पर्ने भएको हुदाँ इच्छुक व्यक्ति तथा व्यवसायीले ७ सात दिन भित्र कार्यालय समयमा फोटोकोपी के कति दर रेटमा फोटोकापी गर्न सकिन्छ सो को प्रति पनाको दररेट विवरण सहितको खामबन्दी निवेदन दर्ता गराई यस अदालतको प्रशासन शाखामा बुझाउन यो सूचना प्रकाशित गरिएको छ।

१. फोटोकापी निवेदन दर्ता गर्न का लागी यस अदालतको लेखा शाखामा रु. ५००/- जम्मा गरी सो को नगदी रसिद पेश गर्नुपर्ने छ।
२. मिति २०८१/०६/१४ गते सोमबार दिनको २ बजे दर्ता हुन आएका सिलबन्दी निवेदन खोलिनेछ सो दिन विदा पर्न गएमा सो को भोलिपल्ट सोही समयमा खोलिनेछ। कार्यालय समयमा दरभाउ पत्र फाराम खरिद गरी दर्ता गर्न सकिनेछ ।
३. सिलवन्दी निवेदनमा दररेट अंङ्क र अक्षर दुबैमा केरमेट नगरि स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । रित नपुगेका र नबुझिने गरी केरमेट गरी पेश गरेको दरभाउपत्र फारमलाई मूल्याङ्कनमा समावेश गरिने छैन।
४. प्राप्त सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतलाई रहनेछ।
५. फोटोकोपी मसिन सञ्चालन गरेवापत वार्षिक रु ५,०००/- ( पाचहजार ) यस अदालतको राजश्व खातामा जम्मा गर्नु पर्नेछ।
६. अदालत र फोटोकापी सञ्चालक विच सम्झौता गर्नु अघि सञ्चालकले अदालतले तोकिदिए बमोजिम रु .१०,०००/ धरौटी जम्मा गर्नु पर्नेछ।
७. फोटोकापी प्रयोजनको लागि लागि जडान भएको छुट्टै विधुत सव मिटरमा उठेको बिलको भुक्तानी गर्ने दायित्व चमेनागृहका सञ्चालकको हुनेछ ।
८. पूर्व निर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक नभएको पाइएमा जुनसुकै वखत अदालतले एकतर्फि रुपले सम्झौता रद्द गरी सञ्चालकलाई हटाउन सक्नेछ ।
९. फोटोकापी मसिन सञ्चालनको अवधी पहिलो पटक २०८२ साल आषाढ मसान्त सम्म कायम रहने छ । त्यसपछि सेवा सन्तोषजनक रहे सम्म प्रत्येक वर्ष सम्झौता नविकरण हुदै जाने छ ।

नुतन झा
सेस्तेदार /उपसचिव